# स्थिति सूचक

वर्ष १५, अङ्क १

(२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन


## लुम्बिनी प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेश कार्यालयले नियमित रुपमा यस प्रदेशको मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आइरहेको छ । सन २०२६ को जनवरी देखि मार्च तीन महिनाको मानव अधिकार अवस्थाका बारेमा मानव अधिकार स्थिति सार्वजनिक गरिएको हो । इन्सेकले जिल्लामा रहेका स्रोत व्यक्तिहरु र विभिन्न सार्वजनिक सञ्चार माध्यमहरुमा प्रकाशित समाचारहरुलाई पुनर्पुष्टि गर्दै घटनाहरुलाई अभिलेख गर्ने र नियमित प्रकाशन गर्ने काम गरिरहेको छ ।

विगत तीन (जनवरीदेखि मार्च २०२६) महिनामा यस प्रदेशको मानव अधिकार अवस्था विगतको तुलनामा खासै सुधार भएको पाइएन । यस अवधिमा अन्यपक्षबाट १ सय १३ ओटा मानव अधिकार ज्यादतीका घटनाहरु भए भने राज्यपक्षबाट ६ ओटा मानव अधिकार उल्लङ्घनका घटनाहरु भएको अभिलेख इन्सेकले गर्‍यो । जसमा बालअधिकार र महिला अधिकारसंग सम्बन्धित घटनाहरु धेरै अभिलेख भए । यो दौरानमा एक जनाको प्रहरी हिरासतमा मृत्यु भयो भने राज्यपक्षबाट एक जनाको ज्यान समेत गयो । यस प्रदेशमा बाल अधिकारका घटनामा कमी आउन सकेन । पहिलो तीन महिनामा बाल अधिकार उल्लङ्घनका घटनामा ५५ जना बालबालिका पीडित भए । महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए ।

यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा राज्यका आफ्नै बलिया संरचनाहरु छन्, प्रहरी प्रशासन लगाएत राज्यका अन्य विभिन्न संरचनाहरुले काम गरिरहेकै छन र पनि विगतझैं यो बितेको तीन महिनामा हामीले बालिका र महिला सुरक्षामा ध्यान पुर्‍याउन सकेनौ, बालिका र महिला बलात्कार जस्तो जघन्य अपराधमा कमी ल्याउन राज्य र समाज पनि सफल हुन सकेनन् । संविधान प्रदत्त मौलिक हकमा भएका शिक्षा, स्वास्थ्य, आवासको अधिकारलाई समेत सुनिश्चित गर्न सकिएन ।

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरुमा कमी ल्याउनका लागि स्थानीय सरकार, प्रदेश तथा संघीय सरकारका जिल्लामा रहेका संरचनाहरुलाई जबसम्म समाजमा बलियो र अर्थपूर्ण उपस्थिति गराउन सकिदैन तबसम्म माथि उल्लेखित घटनाहरुमा कमि आउन सक्नेछैन । भविष्यमा विगतका तीता अनुभवहरुबाट पाठ सिक्दै सरोकारवालाहरु बीच समन्वय र सहकार्यका माध्यमबाट समाजमा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरुमा कमि ल्याउन सबैले हातोमालो गर्न आवश्यक छ ।

**भोला महत**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तारी | | ४ | ४ | | | | ४ |
| घाइते | | | | | १३ | १३ | १३ |
| अमानवीय व्यवहार | | | | ४ | | ४ | ४ |
| बाल अधिकार | | | | ५३ | २ | ५५ | ५५ |
| हिरासतमा मृत्यु | | १ | १ | | | | १ |
| हत्या | | १ | १ | ५ | ५ | १० | ११ |
| महिला अधिकार | | | | ३१ | | ३१ | ३१ |
| जम्मा | | ६ | ६ | ९३ | २० | ११३ | ११९ |

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार

#### हत्या

**राज्यपक्षबाट**

**कपिलवस्तु**

कपिलवस्तुको महाराजगंज नगरपालिका-२ वरगदामा ०८२ चैत ७ गते हिन्दु र मुस्लिम बिच विवादका क्रममा स्थानीय हिन्दु युवा र सुरक्षाकर्मीबिच झडप हुँदा सुरक्षाकर्मीको गोली लागेर महाराजं नगरपालिका-६ सानो भुटहनियाका २२ वर्षीय अरुण भन्ने जितेन्द्र यादव घाइते भए। उनको उपचारका क्रममा चैत २२ गते चितवन मेडिकल कलेजमा मृत्यु भयो। शवको पोष्टमार्टम चैत २५ गते कपिलवस्तु अस्पताल तौलिहवा गरी सोही दिन परिवारले बुझी सद्गत गरे।

**अन्यपक्षबाट**

**बाँके**

बैजनाथ गाउँपालिका-५ बनकटवाकी ५५ वर्षीया भगवती थारुलाई ०८२ चैत ३ गते मसुरो खेतमा हँसियाले हानेर हत्या गरेको आरोपमा बैजनाथ गाउँपालिका-५ का ५५ वर्षीय सीताराम थारुविरुद्ध पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। खेतको मुसुरोको विषयमा उनीहरुबिच विवाद भएको थियो । प्रहरीले आरोतिलाई चैत ३ गते बैजनाथ गाउँपालिका-५ बाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम चैत ३ गते भेरी अस्पताल नेपालगञ्ज गरी पति राम कुमार थारुले शव बुझेर सदगत् गरे। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २५ गते कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २६ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

नेपालगञ्ज उप-महानगरपालिका-१२ कोरियनपुरकी २२ वर्षीया श्रृजना बुढा मगरको ०८२ चैत १५ गते राति हत्या गरी आगो लगाएर कोरियनपुर स्थित सडकमा शव फेला पऱ्यो। पीडित पक्षले हत्या गरी शव फालिएको भन्दै चैत १५ गते जिल्ला प्रहरी कार्यालय, बाँकेमा उजुरी दियो। प्रहरीले घटनामा संलग्न रहेको भन्दै सोही ठाउँ बस्दै आएका २४ वर्षीय मो. आरिफ ढपाली, ४६ वर्षीया आमा कमरुन निशा ढपाली, २५ वर्षीया दिदी मारिया हसमी ढपालीलाई चैत १५ गते घरबाट र ४७ वर्षीय बुवा झब्बर भन्ने रहमत अली ढपाली र २० वर्षीय भाई आदिल हसमी ढपालीलाई चैत ३० गते नेपालगञ्ज उपमहानगरपालिका-१५, नेपाल-भारत सिमा नाका जमुनाहबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम चैत २८ गते भेरी अस्पताल नेपालगञ्जमा भयो र शव हालसम्म भेरी अस्पताल शव गृहमा राखिएको जिल्ला प्रहरी कार्यालयका वरिष्ठ सई पूर्णबहादुर ओलीले बताए। मृतक श्रृजना विगत दुई वर्षदेखि आरोपित २४ वर्षीय मो. आरिफ ढपालीसँग लिभिंग टुगेदरमा बस्दै आएकी थिइन् तर केहीदिन आगाडी आपसी झैं झगडाभएपछि जिल्ला प्रहरी कार्यालयमा फोनमार्फत पतिलाई गिरफ्तार गराएकी थिइन् र अर्कोदिन झगडा नगर्ने मिलापत्र गरी घर गएको दिननै उक्त घटना घटनेको थियो। उनी विवाहित र चार वर्षीया छोरी रहेको आफन्तहरुले बताएका छन्। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ०८३ वैशाख १० गते आत्महत्या गर्न दुरुत्साहन कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको बैशाख १४ गते इजलासले आरोपित पाँच जनालाई पुर्पक्षका लागि थुनामा पठायो।

#### हिरासतमा मृत्यु

**दाङ**

दंगीशरण गाउँपालिका-४ का २५ वर्षीय रोशन चौधरीको ०८२ पुस ३० गते इलाका प्रहरी कार्यालय तुलसीपुरको हिरासतमा मृत्यु भयो। उनी लागु औषध कारोबारको अभियोगमा हिरासतमा रहेका थिए। प्रहरीले। पुस २८ गते लागु औषधसहित चौधरीलाई तुलसीपुर उपमहानगरपालिका-५ बसपार्कबाट गिरफ्तार गरेको थियो। चौधरी पुस ३० गते हिरासतमा एक्कासी बेहोस भएपछि उपचारका लागि तत्काल राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएसपी

होमबहादुर पराजुलीले बताए। शवको पोष्टमार्टम पुस ३० गते राप्ती प्रादेशिक अस्पतालमा गरेपछि आफन्तले शव बुझी सोहीदिन परम्पराअनुसार सद्गत गरे।

## झडप

### रोल्पा

०८२ फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानका क्रममा नेपाल राष्ट्रिय मावि अरेश मतदान केन्द्रमा फर्जी मत हाल्न खोजेको भन्दै नेपाली कम्युनिस्ट पार्टी र नेकपा एमालेका कार्यकर्ताबीच विवाद भई झडप भयो। एमाले कार्यकर्ताले फर्जी मत रोक्न खोज्दा नेकपा कार्यकर्ताको समूहको आक्रमणमा परी सुनिलस्मृति गाउँपालिका-८ अरेशका एमाले कार्यकर्ता २२ बर्षीय महेन्द्र पुन र २६ वर्षीय दीपेश पुनकोको आँखा तथा शरीरका विभिन्न भागमा चोट लागि घाइते भए। कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले सुनिलस्मृति गाउँपालिका-८ अरेशका वडा अध्यक्ष ३४ वर्षीय धनराज रोकामगर, सोही स्थानका ३७ वर्षीय पृथ बहादुर घर्ती चैत ८ गते त्यसैगरी सोही स्थानका ५४ वर्षीय गैरे घर्तीमगर र ५० वर्षीय पुनराम पुनमगरलाई चैत ९ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १६ गते जिल्ला अदालतमा प्रेरित कुटपिट सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १७ गतेको इजलासले आरोपितहरुलाई जनही २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। घाइतेको उपचार फागुन २१ गते लुम्बिनी प्रादेशिक अस्पताल, वुटवलमा भयो।

### बर्दिया

बर्दियाको गुलरिया नगरपालिका-११ गणेशपुरमा ०८२ चैत १० गते स्थानीय र प्रहरीबीच झडप हुँदा ११ जना प्रहरी घाइते भए। सिमावर्ती क्षेत्र लौकाहीमा लागू औषध सेवन गरेर आएका दुई जनाको मृत्यु भएपछि आक्रोशित स्थानीयले सीमा क्षेत्रमा कडाइ गर्नुपर्ने माग गर्दै सडक अवरुद्ध गरेर चक्काजाम गरेपछि सडक खुलाउन पुगेका प्रहरी र स्थानीयबीच झडप भएको थियो। झडपमा सशस्त्र प्रहरी ३१ नं. गण सीमा सुरक्षावलमा कार्यरत ४६ वर्षीय राजेशकुमार थारु, २९ वर्षीय शंकर विक्रम चौधरी, २७ वर्षीय मिलन रोका, ४० वर्षीय राकेशकुमार थारु र कृष्ण चौधरी घाइते भए। त्यसैगरी जिल्ला प्रहरी कार्यालय, गुलरियामा कार्यरत नेपाल प्रहरीका ३७ वर्षीय भीम चौलागाईं, ४० वर्षीय दशरथ शाही, ३५ वर्षीय लक्ष्मण चौधरी, ३६ वर्षीय सन्तोष विक, २७ वर्षीय गोविन्द विक र ३० वर्षीय नवीन शर्मा घाइते भए। स्थिति नियन्त्रणमा लिन प्रहरीले नौ राउन्ड हवाई फायर र चार राउन्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय बर्दियाका सूचना अधिकारी डीएसपी प्रमेश बिष्टले बताए। स्थानीयबाट ढुंगा प्रहार हुन थालेपछि सुरक्षाकर्मीले बल प्रयोग गरेको थियो।

## गिरफ्तार

### दाङ

तुलसीपुर उपमहानगरपालिका-५ निवासी नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का केन्द्रीय सदस्य तथा दाङ जिल्ला सेक्रेटरी ३८ वर्षीय शेरबहादुर परियारलाई ०८२ फागुन १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरले गिरफ्तार गऱ्यो। निर्वाचन विरोधी गतिविधि गरेको भन्दै प्रहरीले परियारलाई पार्टी काममा हिँडिरहेको बेला तुलसीपुर उपमहानगरापलिका-१८ बाट गिरफ्तार गरी हिरासतमा राखेको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले बताए। घटनाको विरोध गर्दै नेकपा (बहुमत) का केन्द्रीय कार्यालय सचिव अविरल र अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष बिरेन्द्र शाहले फागुन १२ गते नै विज्ञप्ती जारी गर्दै राजनीतिक प्रतिशोधपूर्ण गिरफ्तारीमा परेका परियारलाई विनाशर्त तत्काल रिहा गर्न माग गरे। प्रहरीले जिल्ला सरकारी वकिलमार्फत चैत ४ गते विष्फोटक पदार्थ सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस टिकेन्द्र दाहालको चैत ४ गतेको इजलासले परियारलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

मुसीकोट नगरपालिका-७ रुकुमपश्चिम घर भई नेकपा (बहुमत) निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा दाङ जिल्ला अध्यक्ष २५ वर्षीय नरेन्द्र बिकलाई ०८२ फागुन १२ गते जिल्ला प्रहरी कार्यालय दाङले गिरफ्तार गऱ्यो। निर्वाचन विरोधी गतिविधि गरेको भन्दै प्रहरीले बिकलाई पार्टी काममा हिँडिरहेको बेला घोराही उपमहानगरापलिका-१५, रतनपुरबाट गिरफ्तार गरी हिरासतमा राखेको जिल्ला प्रहरी कार्यालय दाङका एसपी दिपक श्रेष्ठले बताए। घटनाको विरोध गर्दै नेकपा ( बहुमत) का केन्द्रीय कार्यालय सचिव अविरल र अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष बिरेन्द्र शाहले फागुन १२ विज्ञप्ती जारी गर्दै राजनीतिक प्रतिशोधपूर्ण गिरफ्तारीमा परेका बिकलाई विनाशर्त तत्काल रिहा गर्न माग गरे। प्रहरीले बिकलाई १३ दिन थुनामा राखेर फागुन २५ गते रिहा गऱ्यो।

तुलसीपुर उमनपा-१६ निवासी नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता ३० वर्षीय गणेश चौधरीलाई ०८२ फागुन १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरले

घरबाटै गिरफ्तार गर्‍यो। शान्तिविरुद्धको कार्य गरेको भन्दै प्रहरीले गिरफ्तार गरी चैत ३ गते जिल्ला सरकारी वकिलमार्फत विष्फोट पदार्थ सम्बन्धी कसुरमा मुद्दा चलाएकोमा जिल्ला न्यायाधिश टिकेन्द्र दाहालको इजलासले चैत ४ गते साधारण तारिखमा रिहा गर्‍यो।

तुलसीपुर उपमहानगरपालिका-७ निवासी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सदस्य २८ वर्षीय मनबहादुर वलीलाई ०८२ फागुन १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरले घरबाटै गिरफ्तार गर्‍यो। शान्तिविरुद्धको कार्य गरेको भन्दै गिरफ्तार गरिएका वलीलाई १३ दिन थुनामा राखेर फागुन २५ गते रिहा गर्‍यो।

## दुर्व्यवहार

### दाङ

इलाका प्रहरी कार्यालय तुलसीपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक तुलसीपुर उमनपा-७ का ३४ वर्षीय प्रकाश भण्डारीलाई डिउटीमा रहेको अवस्थामा ०८२ फागुन १२ गते क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल तुलसीपुर नगर कमिटीका अध्यक्ष ४६ वर्षीय मानबहादुर वलीले दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले फागुन १२ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता गर्न पत्र पठाएको विषयमा बुझ्न गएको प्रहरीलाई दुर्व्यवहार गरेको पीडितले बताए। आरोपितलाई फागुन १२ गते तुलसीपुर उपमहानगरपालिका-५ बाट गिरफ्तार गरी फागुन २४ गते दुर्व्यवहारसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालयले फागुन २५ गते १ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

## बाल अधिकार

### हत्या

### गुल्मी

तीन महिनाको बालकलाई ०८२ माघ १५ गते मादकपदार्थ सेवन गरी भुइँमा पछारेर हत्या गरेको आरोपमा इस्मा गाउँपालिका- २ छल्दीटारका ४६ वर्षीय बुवा सन्त बहादुर कुमाल विरुद्ध छोरी सरिता कुमालले माघ १५ गते प्रहरी चौकी हस्तिचौरमा उजुरी दिइन्। बाबुले मदिराको झोँकमा पत्नीको रिसले आवेकमा आई छोराको हत्या गरेको प्रहरी समक्ष उनले स्वीकार गरे। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गर्‍यो। शवको पोस्टमार्टम माघ १५ गते गुल्मी अस्पताल तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वोकिलको कार्यालय मार्फत फागुन ११ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गर्‍यो। अदालतको फागुन ११ गतेको इजलाशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**बाल अधिकारविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | ३९ |
| यौन दुर्व्यवहार | १२ |
| सामूहिक बलात्कार | १ |
| हाडनाता करणी | १ |
| बेचबिखन तथा ओसारपसार | २ |
| जम्मा | ५५ |

## बेचविखन तथा ओसार पसार

### कपिलवस्तु

१४ वर्षीया बालिकालाई ०८२ माघ ९ गते विभिन्न प्रलोभन देखाएर बेचविखनका लागि भारत लैजादै गरेको भन्दै गैडहवा गाउँपालिका-२ का २१ वर्षीय अपराध अकबर मुसलमान र लुम्बिनी साँस्कृतिक नगरपालिका-११ गनबरियाका २० वर्षीय गुफरान धुनियाँविरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमाा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। उजुरीका आधारमा कारवाही अगाडी बढाएको र आरोपित फरार रहेकाले खोजीकार्य भैरहेको प्रहरीले जनायो।

**बाँके**

१५ वर्षीया बालिकालाई ०८२ चैत ७ गते बेचबिखन तथा ओसार पसार गरेको भन्दै प्युठान जिल्ला स्थाई घरभई हाल नेपालगञ्ज उपमहाननगरपालिका-१८ घरभई वडा नं. २ स्थित युनिसेक्स थाई स्पाका सञ्चालक ४२ वर्षीय अमर श्रेष्ठ र पर्वत जिल्ला कुलेबास नगरपालिका-२ हाल नेपालगञ्ज उपमहानगरपालिका-२ न्युरोड स्थित युनिसेक्स थाई स्पाको लेखापाल २३ वर्षीया करिशमा नेपालीविरुद्ध पीडित पक्षले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई नेपालगञ्ज उप-महानगरपालिका-२ न्युरोडबाट चैत ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत ०८३ बैशाख ३ गते जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसार पसार अभियोगमा मुद्दा दर्ता गऱ्यो।

## बलात्कार, यौन दुर्व्यवहार

**रोल्पा**

१२ वर्षीया बालिकालाई ०८२ चैत १८ गते बलात्कार गतेको आरोपमा लुङ्ग्री गाउँपालिका-७ हार्जङका ३० वर्षीय शिक्षक थगेन्द्र खड्काबिरुद्ध पीडितपक्षले चैत १९ गते इलाका प्रहरी कार्यालय सुलिचौरमा उजुरी दियो। प्रहारीले आरोपितलाई चैत १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १९ गते जिल्ला अस्पताल रेउघामा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालत मार्फत् ०८३ वैशाख ७ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

पाँच वर्षीया बालिकालाई ०८२ पुस १७ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालक विरुद्ध पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय सुलिचौरमा उजुरी दियो। प्रहरीले अरोपितलाई पुस १७ गते सुनिलस्मृति गाउँपालिका-३, रुइनिवाङ बजारबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते जिल्ला अस्पताल रेउघामा भयो। आरोपितविरुद्ध प्रहरीले प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् पुस २२ गते जिल्ला अदालतमा बलात्कारको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २३ गतेको इजलासले आरोपित नाबालक भएकोले आमाको जिम्मा लगायो।

**प्युठान**

१६ वर्षीया बालिकालाई ०८२ माघ १७ गते बलात्कार गरेको भन्दै प्यूठान नगरपालिकाका–४ का १८ वर्षीय सक्षम सुनारविरुद्ध पीडितका आफन्तले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १८ गते जिल्ला अस्पताल बिजुवारमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फ्त फागुन १० गते बलात्कारको अभियोगमा जिल्ला अदालत प्यूठानमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**अर्घाखाँची**

१६ वर्षीया बालिकालाई ०८२ पुस २१ गते बलात्कार गरेको भन्दै प्यूठान जिल्ला, झिमरुक गाउँपालिका- १ सौतामारेका ३१ वर्षीय राजु बि.क. विरुद्ध पीडित पक्षले फागुन १३ गते जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १४ गते हंसपुर बजारबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते अर्घाखाँची अस्पताल, सन्धिखर्कमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ६ गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

८ वर्षीया बालिकालाई ०८२ पुस २६ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालक विरुद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते अर्घाखाँची अस्पताल सन्धिखर्कमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ९ गते जिल्ला अदालत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ९ गतेको इजलासले आरोपितलाई मासिक रुपमा विद्यालयबाट चारित्रिक जानकारी पाउनेगरी गरी अभिभावकलाई जिम्मा लगायो।

८ वर्षीया बालिकालाई ०८२ फागुन १५ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालक विरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते अर्घाखाँची अस्पताल सन्धिखर्कमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ५ गते जिल्ला अदालत मुद्दा दर्ता

गऱ्यो। जिल्ला अदालतको चैत ५ गतेको इजलासले आरोपितलाई मासिक रुपमा विद्यालयबाट चारित्रिक जानकारी पाउनेगरी गरी अभिभावकलाई जिम्मा लगायो।

११ वर्षीया बालिकालाई ०८२ चैत १० गते बलात्कार गरेको आरोपमा २७ वर्षीय दाजु विरुद्ध पीडित पक्षले चैत १० गते जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १० गते अर्घाखाँची अस्पताल सन्धिखर्कमा भयो। म्याद थपगरी घटनाको अनुसन्धानका भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिवश बहादुर जिसीले बताउनु भयो।

**नवलपरासी पश्चिम**

१५ वर्षीया बालिकालाई ०८२ माघ ११ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालक विरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालय परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल, परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २९ गते जिल्ला अदालतमा सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको इजलासले आरोपितलाई भैरहवा बाल सुधार गृह पठायो।

१३ वर्षीया बालिकालाई ०८२ माघ १३ गते बलात्कार गरेको भन्दै पाल्हीनन्दन गाउँपालिका-४ लहरौलीका २१ वर्षीय गुलामुदिन हमज विरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालय परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १ गते जिल्ला अदालतमा सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १ गतेको इजलास आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

९ वर्षीया बालिकालाई ०८२ माघ १७ गते सुनवल नगरपालिका-९ दुर्गामन्दिरटोलका ५२ वर्षीय भीमबहादुर सुनारले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १ गते जिल्ला अदालतमा सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८२ माघ २८ गते बलात्कार गरेको भन्दैसुनवल नगरपालिका-१३ वडेराका २० वर्षीय सन्देश सापकोटाविरुद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। प्रहरीले आरोपीतलाई माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १२ गते जिल्ला अदालतमा सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८२ फागुन ९ गते बलात्कार गरेको भन्दैसुस्ता गाउपालिका-४, सुस्ताका २७ वर्षीय मिथुन भन्ने राम मिलन हरिजनविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते पृथ्वीचन्द्र जिल्ला अस्पताल परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २७ गते जिल्ला अदालतमा सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ चैत ४ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालक विरुद्ध पीडित पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत २७ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २९ गतेको आदेशले आरोपितलाई भैरहवा बालसुधार गृह पठायो।

११ वर्षीया बालिकालाई ०८२ पुस २० गते यौन दुर्व्यवहार गरेको भन्दै रामग्राम नगरपालिका-१३, पाराटिकडका ४५ वर्षीय नर्सिङ चौधरीविरुद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १५ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १६ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८२ पुस २२ गते यौन दुर्व्यवहार गरेको भन्दै सुनवल नगरपालिका-१२, भुमहीका ४२ वर्षीय टुलप्रसार भण्डारीविरुद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालय परासीमा, उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन नै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १३ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १४ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१४ वर्षीया बालिकालाई ०८२ पुस २२ गते यौन दुर्व्यवहार गरेको भन्दैसुस्ता गाउँपालिका-२, जमुनावारीका ५५ वर्षीय कौसर महमद शेखविरुद्ध पीडित पक्षले पुस २२ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २२ गते गिरप्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते पृथ्वीचन्द्र जिल्ला अस्पताल,परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १३ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १४ गतेको इजलासले आरोपितलाई ७५ हजार रुपियाँ धरौटीमा रिहा .गऱ्यो।

**रुपन्देही**

११ वर्षीया बालिकालाई ०८२ पुस २७ बलात्कार गरेको भन्दै कोटहीमाई गाउँपालिका-७ मर्चवारीका २५ वर्षीय विनोद हरिजनविरुद्ध पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालय मर्चवारमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २८ गते गाउँबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १५ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश धनिश्वर पौडेलको माघ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८२ पुस २३ गते बलात्कार गरेको भन्दै २८ वर्षीय बाबुविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २५ गते तिलोत्तमाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १२ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको माघ १३ गतेको आदेशले आरोपितलाई पुपर्क्षकालागि कारागार पठायो।

१५ वर्षीया बालिकालाई ०८२ पुस १९ गते बलात्कार गरेको भन्दै देवदह नगरपालिका-१२ का २२ वर्षीय रमजान अलिविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते भिम अस्पताल भैरहवामा भयो। आरोपित फरार रहेकोले खोजी कार्यभइरहेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका डिएसपी सुरज कार्कीले बताए।

१४ वर्षीया बालिकालाई ०८२ पुस १८ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-१ ओहिरौलीका २३ वर्षीय यमलाल पासीविरुद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १८ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश इन्द्र बहादुर कठायतको फागुन १९ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि कारागार पठायो।

४ वर्षीय बालिकालाई ०८२ फागुन २१ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरेपितलाई फागुन २५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते भिम अस्पताल भैरहवामा भयो।

१७ वर्षीया बालिकालाई ०८२ पुस २२ गते यौन दुर्व्यवहार गरेको भन्दै बुटवल उपमहानगरपालिका-१ पारी बुटवलका ३९ वर्षीय लिल बहादुर कुमालविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २३ गते बुटवलबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १८ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको माघ १९ गतेको आदेशले पुपर्क्षका लागि कारागार पठायो।

१५ वर्षीय बालिकालाई ०८२ पुस १८ यौन दुर्व्यवहार गरेको भन्दै मायादेवी गाउँपालिका-१

खटखटियाका २० वर्षीय रामलाल लोध विरुद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १५ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको माघ २५ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि कारागार पठायो।

१३ वर्षीय बालिकालाई ०८२ माघ २१ गते यौन दुर्व्यवहार गरेको भन्दै कास्की जिल्ला, पोखरा महानगरपालिका-१८ स्थायी घरभई भैरहवा पोखरा चल्ने गाडीका सहचालक २६ वर्षीय प्रकाश आले मगरविरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २८ गते भैरहवाबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १७ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको फागुन १८ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि कारागार पठायो।

सात वर्षीय बालकलाई ०८२ पुस २७ गते यौन दुर्व्यवहार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ७ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २२ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको माघ २५ गतेको आदेशले पुपर्क्षका लागि बालसुधार गृह भैरहवामा पठायो।

**कपिलवस्तु**

१३ वर्षीया बालिकालाई ०८२ पुस १७ गते सामुहिक बलात्कार गरेको भन्दै कैलाली जिल्ला टीकापुर नगरपालिका-१ स्थगायी घरभई बुद्धभूमि नगरपालिका-५ बस्ने २२ वर्षीय सुरज चौधरी र १६ वर्षीय बालक विरुद्ध पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय गोरुसिंङ्गेमा उजुरी दियो। प्रहरीले आरोपित बालकलाई पुस १८ गते बुद्धभूमिबाटै गिरफ्तार गऱ्यो। अर्कोएक जना आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी रितेन्द्र कुमार सिंहले बताए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते कपिलवस्तु अस्पताल तौहिवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ११ गते जिल्ला अदालतमा जवरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दिल प्रसाद सापकोटाको माघ १२ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८२ माघ २३ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १९ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश राम प्रसाद बस्यालको फागुन १९ गतेको इजलासले आरोपितलाई भैरहवा बालसुधारगृह पठायो।

१६ वर्षीया बालिकालाई ०८२ पुस २८ गते बलात्कार गरेको भन्दै वाणगंगा नगरपालिका-२ नन्दनगरका २२ वर्षीय रविन बिकविरुद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय पिपरा कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत २२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दिल प्रसाद सापकोटाको चैत २३ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८२ फागुन २४ गते बलात्कार गरेको भन्दै वाणगंगा नगरपालिका-१ उप्टाहका, १८ वर्षीय केशव नेपाली भन्ने केशव सार्कीविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय पिपरा कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत २२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीनबन्धु बरालको चैत २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८२ माघ २४ गते

बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका- २, मनखोरियाका २१ वर्षीय तुलियाज मुसलमानविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १८ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८३ वैशाख ९ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिश दीनबन्धु बरालको वैशाख १२ गतेको आदेशले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन ११ गते बलात्कार गरेको भन्दै सुध्दोधन गाउँपालिका-२, हर्नामपुरका २८ वर्षीय विनोद लोहारविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १२ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिश महेश खनालको फागुन २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८२ माघ १३ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको भन्दै बुद्धभूमी नगरपालिका-८ सुर्यपुराका ३२ वर्षीय विनोद थारुविरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १५ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८२ माघ २८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिश दीनबन्धु बरालको फागुन २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८२ चैत १७ गते बलात्कार गरेको आरोपमा बाणगंगा नगरपालिका- ५ स्थायी घरभई सोही नगरपालिका-७ बस्ने १८ वर्षीय शिव विश्वकर्मा विरुद्ध पीडित पक्षले चैत २० गते इलाका प्रहरी कार्यालय पिपरा कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २० गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते पिपरा अस्पताल पिपरामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८३ वैशाख १० गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिश दीनबन्धु बरालको वैशाख १२ गतेको आदेशले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो।

**दाङ**

९ वर्षीया बालिकालाई ०८२ पुस २७ गते बलात्कार गरेको भन्दै तुलसीपुर उमनपा-१४ का १८ वर्षीय रामकुमार भन्ने रामबहादुर चौधरीविरुद्ध पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २७ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस लालसिंह थापाको माघ २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

५ वर्षीया बालिकालाई ०८२ पुस २६ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालक विरुद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २७ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस २७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १५ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस प्रकाश प्रसाद पण्डितको माघ १८ गतेको इजलासले आरोपितलाई नौबस्ता बालसुधार गृह, बाँके पठायो।

१८ वर्षीया महिलालाई ०८२ पुस २० गते बलात्कार गरेको भन्दै घोराही उममहानगरपालिका-१४ का २१ वर्षीय सहिद अलीविरुद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २१ गते घोराहीबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस लालसिंह थापाको माघ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३ वर्षीया बालिकालाई ०८२ माघ १ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालक विरुद्ध पीडित

पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस प्रकाशप्रसाद पण्डितको माघ २५ गतेको इजलासले आरोपितलाई नौबस्ता बालसुधार गृह बाँके पठायो।

१८ वर्षीया युवतीलाई ०८२ फागुन ३ गते बलात्कार गरेको भन्दै घोराही उपमहानगरापलिका-१७ का ४७ वर्षीय तेजकुमार पाण्डेविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २७ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस लालसिंह थापाको फागुन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन २० गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन २२ गते घरबाट गिरफ्तार गरी जिल्ला सरकारी वकिलमार्फत चैत १३ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस प्रकाश प्रसाद पण्डितको इजलासले चैत १५ गते बालसुधार गृह नौवस्ता पठायो।

१२ वर्षीया बालिकालाई ०८२ फागुन २० गते बलात्कार गरेको भन्दै घोराही उपमहानगरपालिका-१ का २० वर्षीय रविन्द्र बुढाविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २२ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन २२ गते घरबाट गिरफ्तार गरी जिल्ला सरकारी वकिलमार्फत चैत १३ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा चलाएकोमा जिल्ला न्यायाधीश प्रकाश प्रसाद पण्डितको इजलासले चैत १५ गते बालसुधार गृह नौवस्ता पठायो।

३ वर्षीया बालिकालाई ०८२ फागुन २२ गते यौन दुर्व्यवहार गरेको भन्दै १२ वर्षीय बालकविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय भालुवाङमा फागुन २९ गते उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलमार्फत चैत १५ गते वालयौन यौन दुरुपयोगसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस प्रकाशप्रसाद पण्डितको इजलासले चैत १६ गते अभिभावकको जिम्मा लगायो।

**बाँके**

१६ वर्षीया बालिकालाई ०८२ पुस १७ गते बलात्कार गरेको भन्दै डुडुवा गाउँपालिका-३ मसहाका २६ वर्षीय सद्दाम खाँविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा बाँकेमा हुलाक मार्फत र प्रत्यक्ष उजुरी दियो। प्रहरीले आरोतिलाई नेपालगञ्ज उपमहानगरपालिका-१० बाट पुस २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ २२ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको माघ २५ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया मानसिक रोगी बालिकालाई ०८२ माघ १५ गते बलात्कार गरेको भन्दै खजुरा गाउँपालिका-७, सानेवर्षा हाल बैजनाथ गाउँपालिका-४ एच गाउँ भैसी फर्ममा काम गर्ने ३३ वर्षीय अंगतराम अहिरविरुद्ध पीडित पक्षले माघ १८ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोतिलाई माघ १५ गते बैजनाथ गाउँपालिका-४ एच गाउँ भैसीगोठ फर्मबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८२ फागुन १३ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोतिलाई कोहलपुर नगरपालिका-१२ चपरगौढीबाट फागुन १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला

सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत ८ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ९ गतेको इजलासले आरोपितलाई जयेन्दु बालसुधार केन्द्र आसमानपुर थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८२ फागुन २४ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-२२, पुरैनीका १८ वर्षीय राजु भन्ने सुरेन्द्र कुर्मीविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई फागुन २४ गते नेपालगञ्ज उप-महानगरपालिका-१९ वडा कार्यालयबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत १५ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १६ गतेको इजलासले आरोपितलाई जयन्दु बालसुधार गृहमा पठायो।

१२ वर्षीया बालिकालाई ०८२ चैत ८ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१९, कण्ठीपुरका ७५ वर्षीय दलबहादुर थापा मगरविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई चैत ८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २४ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन १५ गते बलात्कार गरेको भन्दै राप्तीसोनारी गाउँपालिका-५, सन्तपुर बस्ने २१ वर्षीय सुदीप थारुविरुद्ध पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय भगवानपुरमा उजुरी दियो। प्रहरीले आरोतिलाई नरैनापुर गाउँपालिका-६ मटेहियाबाट चैत ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २४ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८२ माघ ७ गते यौन दुर्व्यवहार गरेको भन्दै कोहलपुर नगरपालिका-२ प्रेमनगरका ४१ वर्षीय अरुण बहादुर बमविरुद्ध पीडित पक्षले माघ ७ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोतिलाई माघ ७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ २८ गते यौन दुर्व्यवहार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक घिमिरेको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन ९ गते बेचबिखन तथा ओसार पसार र बलात्कार गरेको भन्दै दैलेख जिल्ला गुराँश गाउँपालिका-१०, खडकवाडाका ३० वर्षीय शेरबहादुर खड्का, अछाम जिल्ला तुर्माखाद गाउँपालिका-२ भुलुका २५ वर्षीय विकास नेपालीविरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई फागुन ११ गते नेपालगञ्ज उप-महानगरपालिका- १५ जमुनहाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत ६ गते मानव बेचबिखन तथा ओसार पसार र बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ८ गतेको इजलासले आरोपितहरुलाई प्रति व्यक्ति १ लाख ५० हजार रुपियाँका दरले धरौटीमा रिहा गऱ्यो।

१० वर्षीय बालकलाई ०८२ चैत १ गते यौन दुर्व्यवहार गरेको भन्दै १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोतिलाई कोहलपुर नगरपालिका-११ बसपार्कमा रहेको दुर्गा होटलबाट चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २० गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २२ गतेको इजलासले आरोपितलाई जयेन्दु बाल सधार गृह पठायो।

**बर्दिया**

१५ वर्षीया बालिकालाई ०८२ फागुन १५ गते बलात्कार गरेको भन्दै ११ वर्षीय र १५ वर्षीय बालक विरुद्ध पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालय, पाताभारमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्धसरकारी वकिल कार्यालय मार्फत फागुन २९ गते जिल्ला अदालतमा बलात्कार

सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १ गतेको इजलासले आरोपित बालकहरुलाई नौबस्ता बालसुधार गृह बाँकेमा पठाउने आदेश दियो।

४ वर्षीया बालिकालाई ०८२ चैत ४ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालक विरुद्ध पीडित पक्षले चैत ४ गते इलाका प्रहरी कार्यालय, बानियाभारमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत चैत २४ गते जिल्ला अदालतमा जर्बजस्ती करणीको अभियोगको मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत २५ गतेको इजलासले आरोपित बालकलाई संरक्षकको जिम्मा लगाउने आदेश दियो।

११ वर्षीया बालिकालाई ०८२ माघ २१ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालक विरुद्ध पीडित पक्षले माघ २३ गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १३ गतेको इजलासले आरोपितलाई नौबस्ता बालसुधार गृह, बाँकेमामा पठाउने आदेश दियो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन ५ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-१० का २१ वर्षीय  विकास थारुविरुद्ध पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालय, गुलरियामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। आरोपित फरार रहेकाले खोजि भइरहेको प्रहरीले जनायो।

४ वर्षीया बालिकालाई ०८२ माघ २४ गते यौन दुर्व्यवहार गरेको भन्दै बारबर्दिया नगरपालिका-५ सिटीबरेलीका ५० वर्षीय चन्द्रप्रसाद सुवेदी विरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, पाताभारमा माघ २४ गते उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २४ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १७ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १८  गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८२ फागुन १५ गते यौन दुर्व्यवहार गरेको भन्दै मधुवन नगरपालिका -९ का ३८ वर्षीय शिक्षक यामबहादुर शर्मा विरुद्ध पीडित पक्षले फागुन २४ गते इलाका प्रहरी कार्यालय, ढोढरीमा उजुरी दियो । आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत चैत २७ गते जिल्ला अदालतमा यौन दुर्व्यवहारको  अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ३० गतेको इजलासले आरोपितसँग ३५ हजार धरौटी माग गर्ने  आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

**बाँके**

१९ वर्षीया युवतीलाई ०८२ चैत ८ गते मानव बेचविखन तथा ओसारपसार गरेको भन्दै सल्यान जिल्ला कुमाख गाउँपालिका-४ घर भई हाल नेपालगञ्ज उपमहानगरपालिका-४ बसपार्क बाइपास स्थिति रुकुम चाइना होटेल सञ्चालक ५० वर्षीय उमेश कुमार डाँगीविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई नेपालगञ्ज उपमहानगरपालिका-४ बसपार्क  स्थिति बाइपास नजिक चाइना होटेलबाट चैत ९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ०८३ वैशाख २ गते मानव-बेचबिखन तथा ओसार पसार अभियोगमा मुद्दा दर्ता गर्‍यो।

### बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

**रोल्पा**

२३ वर्षीया महिलालाई ०८२ माघ ८ गते बलात्कार गरेको भन्दै गंगादेव गाउँपालिका-६ का ५५ वर्षीय नदिराम खड्काविरुद्ध पीडित पक्षले माघ १२ गते ईलाका प्रहरी कार्यालय घर्तीगाउँमा उजुरी दियो। पीडित पक्षले प्रहरीमा उजुरी दिएको थाहा पाएपछि आरोपितले माघ १२ गते बिष सेवन गरे। आरोपितलाई उपचारको लागि कोहलपुर मेडिकल कलेज नेपालगञ्ज पुराइएकोमा माघ १६ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जानकारी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १२ गते जिल्ला अस्पताल रेउघा रोल्पामा भयो। घटनाको थप अनुसन्धान भैरहेको प्रहरीले जनायो।

**गुल्मी**

६१ वर्षीया महिलालाई ०८३ वैशाख १ गते बलात्कार गरेको आरोपमासत्यवति गाउँपालिका-४ लिम्घाका २३ वर्षीय आशिष ज्ञवाली विरुद्ध पीडित पक्षले ०८३ वैशाख १ गते जिल्ला प्रहरी कार्यालय गुल्मीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १ गते गुल्मी अस्पताल तम्घासमा भयो। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख एसपी नारायण प्रसाद अधिकारीले बताए।

**अर्घाखाँची**

३० वर्षिया महिलालाई ०८२ पुस २१ गते जबरजस्ती करणी, शरीर बन्धक र अङ्गभङ्ग गरेको भन्दै भूमिकास्थान नगरपालिका-४ धारापानीका ३६ वर्षीय पति माधब बन्जाडे विरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ५ गते घरबाट गिरत्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते अर्घाखाँची अस्पताल सन्धिखर्कमा भयो। प्रहरीले आरोपितलाई अनुसन्धान पश्चात फागुन २९ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जबरजस्ती करणी, शरीर बन्धक र अङ्गभङ्ग अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १ गतेको इजलाशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

**पाल्पा**

१९ वर्षीया युवतीलाई ०८२ पुस २३ गते बलात्कार गरेको भन्दै रिब्दीकोट गाउँपालिका ७ पालुङमैनादीका २२ वर्षीय शिवबहादुर लम्तरी विरुद्ध पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते जिल्ला अस्पताल, पाल्पामा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २७ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३२ वर्षीया महिलालाई ०८२ फागुन ५ गते बलात्कार गरेको आरोपमा माथागढी गाउँपालिका-१, चिदीपानीका १९ वर्षीय रेमबहादुर ठाडाविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते जिल्ला अस्पताल, पाल्पामा भयो। प्रहरीले आरोपितिविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ४ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश हरिप्रसाद शर्मा पंगेनी उपाध्यायको चैत ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**नवलपरासी पश्चिम**

३० वर्षीया महिलालाई ०८२ पुस १७ गते बलातकार गरेको भन्दै पाल्हीनन्दन गाउँपालिका-३, कुश्माका ३२ वर्षीय रामकरण लोनियाविरुद्ध पीडित पक्षले पुस १७ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १७ गतेनै दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते पृथ्विचन्द्र जिल्ला अस्पताल, परासीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् पुस २८ गते जिल्ला अदालतमा जबरजस्ती करणी सम्बन्धी मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २८ को इजलाशले आरोपितलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२७ वर्षीया महिलालाई ०८२ पुस १८ गते बलात्कार गरेको भन्दै रामग्राम नगरपालिका-१८, वञ्जरियाका ३० वर्षीय दिनेश चौधरीविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ गते गिरफ्तात गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण ०८२ पुस १८ गते पृथ्विचन्द्र जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ११ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १२ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**रुपन्देही**

३० वर्षीया महिलालाई ०८२ पुस १७ गते बलात्कार गरेको आरोपमा गुल्मी जिल्ला धुर्कोट गाउँपालिका-२ पिपलधारा घरभई बुटवल उपमहनपा-११ बस्ने ३१ वर्षीय महेश बि.क. विरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २३ गते बुटवलबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १४ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश

अशोक कुमार बस्नेतको माघ १७ गतेको इजलासले आरोपितलाई पुपर्क्षकालागि कारागार पठायो।

२३ वर्षीय महिलालाई ०८२ पुस १८ बलात्कार गरी गर्भवती बनाएर गर्भपतन गरेको आरोपमा सिद्धार्थनगर नगरपालिका-१ दरकसवाका २८ वर्षीय राजकुमार महतो विरुद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते भिम अस्पताल भैरहवामा भयो। घटनापछि आरोपित फरार रहेकोले खोजीका कार्य भइरहेको प्रहरीले जनायो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १८ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोक कुमार बस्नेतको फागुन १९ गतेको इजलासले आरोपितलाई पुपर्क्षकालागि कारागार पठायो।

२२ वर्षीय महिलालाई ०८२ फागुन १५ गते बलात्कार प्रयास गरेको भन्दै भारत उत्तर प्रदेश जिल्ला महाराजगंज खरिया बजार सिरसिया ग्राम स्थायी घरभई, रुपन्देही जिल्ला, सिद्धार्थ नगरपालिका-६ मा धामी झाँक्रीको काम गर्ने ७३ वर्षीय गोवर्द्धन त्रिपाठी विरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २७ गते भैरहवाबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ९ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश चक्रपाणी अर्यालको चैत १० गतेको आदेशले पुपर्क्षका लागि कारागार पठायो।

**कपिलवस्तु**

२० वर्षीया महिलालाई ०८२ फागुन २६ गते बलात्कार प्रयास गरेको भन्दै महाराजगंज नगरपालिका-९, औरहवाका २५ वर्षीय पुन्नवासी रैदासविरुद्ध पीडित पक्षले फागुन २८ गते इलाका प्रहरी कार्यालय कृष्णनगर कपिलवस्तुमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। घटनाको अनुसन्धानपछि, प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १६ गते बलात्कार सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दिल प्रसाद सापकोटाको चैत १७ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | १७ |
| घरेलु हिंसा | १ |
| बलात्कार प्रयास | ५ |
| हाडनाता करणी | १ |
| साइबर अपराध | ३ |
| परिवारजनबाट हत्या | १ |
| बेचबिखन तथा ओसारपसार | १ |
| 'बोक्सी' को आरोपमा | १ |
| सामूहिक बलात्कार | १ |
| जम्मा | ३१ |

**दाङ**

३६ वर्षीया महिलालाई ०८२ माघ २ गते बलात्कार गरेको भन्दै काभ्रे जिल्ला धुलीखेल नगरपालिका-५ का ४० वर्षीय उमेश सापकोटाविरुद्ध पीडित पक्षले माघ ३ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। घटना लगत्तै फरोपितलाई प्रहरीले चैत २६ गते सुर्यविनायक नगरपालिका-९ पलासेबाट गिरफ्तार गरी अनुसन्धान थालेको इलाका प्रहरी कार्यालय तुलसीपुरका डिएसपी होमबहादुर पराजुलीले बताए।

२२ वर्षीया महिलालाई ०८२ माघ ११ गते बलात्कार गरेको आरोपमा तुलसीपुर उपमहानगरापलिका-११ का २८ वर्षीय रिगल डाँगी र बलात्कारमा सहयोग गरेको आरोपमा घोराही उपमहानगरापलिका-९ की २६ वर्षीया कल्पना डाँगीविरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितहरुलाई माघ १४ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितहरूविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ २६ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश रोमाकान्त ज्ञवालीको माघ २६ गतेको इजलासले रिगललाई पुर्पक्षका लागि थुनामा पठायो भने कल्पनालाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

२१ वर्षीया महिलालाई ०८२ माघ १२ गते बलात्कार गरेको आरोपमा घोराही उपमहानगरपालिका-४ का २६ वर्षीय मधुसुदन भुसाल विरुद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन ८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको फागुन ११ गतेको इजालसले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई ०८२ माघ १८ गते बलात्कार गरेको आरोपमा तुलसीपुर उपमहानगरपालिका-५ का २५ वर्षीय दुर्गे नेपालीविरुद्ध पीडित पक्षले माघ १९ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १९ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १५ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस टिकेन्द्र दाहालको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

५१ वर्षीया महिलालाई ०८२ माघ २८ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-७ का ३१ वर्षीय यज्ञ बोहराविरुद्ध पीडित पक्षले फागुन १ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। आरोपितहरूविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १५ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस राजेश्वर अर्यालको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई ०८२ फागुन ६ गते बलात्कार गरेको आरोपमा लमही नगरपालिका-७ का ३३ वर्षीय राजु रावतविरुद्ध पीडित पक्षले फागुन २४ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलमार्फत चैत १५ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस ताराप्रसाद डाँगीको इजलासले चैत १६ गते पुर्पक्षका लागि कारागार पठायो।

२३ वर्षीया महिलालाई ०८२ फागुन ५ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-५ का ४० वर्षीय गुरु भुसालविरुद्ध पीडित पक्षले फागुन १० गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। फरार आरोपितको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी रेशम बोहराले बताए।

३७ वर्षीया महिलालाई ०८२ माघ २० गते बलात्कार गरेको आरोपमा शान्तिनगर गाउँपालिका-३ का ४५ वर्षीय दामोदर बिकरुिद्ध पीडित पक्षले फागुन १० गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले

आरोपितलाई फागुन २० गते गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत चैत १६ गते बलात्कार सम्बन्धी अभियोगमा मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस राजेश्वर अर्यालयको इजलासले चैत १७ गते एक लाख २५ हजार धरौटीमा हिरासत मुक्त गर्‍यो।

२१ वर्षीया महिलालाई ०८२ पुस १७ गते बलात्कार प्रयास गरेको भन्दै तुलसीपुर उमनपा-४ का ३३ वर्षीय शिवराज पुरी विरुद्ध पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १७ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत पुस २८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस टिकेन्द्र दाहालको पुस २८ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

७० वर्षीया महिलालाई ०८२ माघ १७ गते बलात्कार प्रयास गरेको भन्दै घोराही उपमहानगरपालिका-१६ का १९ वर्षीय पशुपति मण्डलविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १८ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १० गते जिल्ला अदालतमा बलात्कार प्रयास मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस रोमाकान्त ज्ञवालीको फागुन ११ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

**बाँके**

१९ वर्षीया युवतीलाई ०८२ माघ १७ गते बलात्कार गरेको भन्दै ४५ वर्षीय बुबा विरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोतिलाई माघ १९ गते घरबाट  गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन १० गते हाडानाता बलात्कार अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया बालिकालाई ०८२ माघ २१ गते सामुहिक बलात्कार गरेको आरोपमा कोहलपुर नगरपालिका-५ रझेनाका २१ वर्षीय आशिष थारु, कोहलपुर नगरपालिका-६ का २७ वर्षीय सन्दीप थारु, २१ वर्षीय निरज थारु र १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १७ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोतिहरुलाई चैत १७ गते कोहलपुर नगरपालिकाबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १७ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ०८३ वैशाख ८ गते सामुहिक बलात्कार अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको वैशाख ९ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षकालागि थुनामा पठायो।

३५ वर्षीया महिलालाई ०८२ पुस १८ गते बलात्कार गरेको भन्दै जानकी गाउँपालिका-४ छोटका खजुरा नहरपुर्वाका ३० वर्षीय राज भन्ने विष्णु प्रसाद गडरियाविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा बाँकेमा उजुरी दियो। प्रहरीले आरोतिलाई जानकी गाउँपालिका-४ नहरपुर्वा छोटका खजुरा निजको निवासबाट पुस १९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ १३ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपक घिमिरेको माघ १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६७ वर्षीया एकल महिलालाई ०८२ फागुन १३ गते बलात्कार गरेको भन्दै खजुरा गाउँपालिका-२ का ५५ वर्षीय ईन्द्र बहादुर कामी विरुद्ध पीडित पक्षले फागुन १७ गते इलाका प्रहरी कार्यालय धनौलीमा उजुरी दियो। प्रहरीले आरोतिलाई फागुन १३ गते घरबाट  गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत ११ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**बर्दिया**

३४ वर्षीया महिलालाई ०८२ चैत १ गते बलात्कार प्रयास गरेको भन्दै बढैयाताल गाउँपालिका -९ बस्ने ४२ वर्षीय विष्णु श्रेष्ठविरुद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो । आरोपितलाई प्रहरीले चैत २ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल

कार्यालय मार्फत चैत २६ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २७ गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि थूनामा पठाउने आदेश दियो।

## बोक्सीको आरोप

**कपिलवस्तु**

वाणगंगा नगरपालिका-१ उप्टाहकी ५६ वर्षीया लिला कुमारी श्रेष्ठलाई ०८२ फागुन २६ गते आगोको अगुल्ठोले शरिरका विभिन्न भागमा हान्दै बोक्सीको आरोप लगाई दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले वाणगंगा नगरपालिका- १ उप्टाहका ५१ वर्षीया हुम कुमारी झेडी मगर र उनकी छोरी २१ वर्षीया खगीश्वरा झेडी मगर विरुद्ध फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई फागुन २६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते पिपरा अस्पताल र युनाईटेड अस्पताल कपिलवस्तुमा भर्ना गरी उपचार गरिएको थियो। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी रिपेन्द्र कुमार सिंहले पीडित महिलाको शरिरका विभिन्न भागमा जलेर पोक्का उठेको र उपचारपछि फागुन २७ गते डिस्चार्ज भएको जानकारी दिए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १३ गते बोक्सीको आरोप सम्बन्धी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दीनबन्धु बरालको चैत ११ गतेको इजलासले आरोपितबाट जनही २० हजार धरौटीमा रिहा गर्ने आदेश दियो।

## साइबर अपराध

**रुपन्देही**

१८ वर्षीया युवतीलाई ०८२ पुस २२ गते साइवर अपराध गरेको भन्दै कपिलवस्तु जिल्ला, सिद्धार्थनगर नगरपालिका-३ का १८ वर्षीय राहुल मल्लाहविरुद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २२ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ११ गते विद्युतीय अपराध गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश रमेशकान्त अधिकारीको फागुन १८ गतेको इजलासले आरोपितलाई पुपर्क्षकालागि कारागार पठायो।

२३ वर्षीया महिलालाई ०८२ फागुन ७ गते सामाजिक सञ्जाल मार्फत चरित्र हत्या गरेको भन्दैसुध्दोधन गाउँपालिका-१ का २५ वर्षीय सुनिल मल्लाहविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत २ गते विद्युतीय अपराध गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश रमेशकान्त अधिकारीको चैत ७ गतेको इजलासले आरोपितलाई धरौटीमा छाड्री र साधारण तारेखमा पठायो।

**कपिलवस्तु**

२८ वर्षीय महिलालाई ०८२ माघ ९ गतेदेखि निरन्तर सामाजिक सञ्जाल मार्फत विभिन्न घृणा फैलाई चरित्र हत्या गरेको भन्दै मायादेवी गाउँपालिका-२ भैसाकुण्डका ३६ वर्षीय पिन्टु चमार विरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। प्रहरीले आरोपितविरुद्ध माघ १६ गते उजुरी दर्ता गऱ्यो। आरोपित बैदेशिक रोजगारमा साउदी रहेकोले घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी रिपेन्द्र कुमार सिंहले बताउनुभयो।

२३ वर्षीया महिलालाई ०८२ फागुन २९ गते सामाजिक सञ्जाल मार्फत चरित्र हत्या गर्ने कार्य गरेको आरोपमा प्रहरीले धादि जिल्ला धुनीबेशी नपा-६ स्थायी घरभई चितवन-जिल्ला खैरेनी नपा-१ बस्ने ३३ वर्षीय मनोज सुनारविरुद्ध चैत १७ गते विद्युतीय अपराध सम्बन्धी कसुरमा उजुरी दर्ता गऱ्यो। पीडित पक्षले दिएको उजुरीका आधारमा प्रहरीले चैत १७ गते विद्युतीय अपराध सम्बन्धी कसुरमा उजुरी दर्ता गरी कारवाही अगाडी बढाएको र आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रिपेन्द्र कुमार सिंहले बताउनुभयो।

## पारिवारिक हत्या

**रोल्पा**

रुन्टिगढी गाउँपालिका-७ बलवाङपकि ४४ वर्षीया मिना बस्नेत आफ्नै घरको सुत्ने कोठामा ०८२ फागुन २ गते मृत अवस्थामा फेलापरेकोमा मृतकका पति ईम बहादुर बस्नेतले घरभित्र सबै झ्यालढोका बन्द गरी पत्नीको हत्या गरेको भन्दै सोही ठाउँबस्ने ४१ वर्षीय बिर बहादुर रोका विरुद्ध फागुन ३ गते इलाका प्रहरी कार्यालय होलेरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २ गते घरवाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भएपछि शव आफन्तले बुझि परम्परा अनुसार सद्गत गरे।

अरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २५ गते जिल्ला अदालतमा कर्तव्य ज्यान सम्वन्धि मुद्दा गर्दा गर्‍यो। जिल्ला अदालत रोल्पाको फागुन २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**प्युठान**

गौमुखी गाउँपालिका–६ की १९ वर्षीया सर्मिला घर्तीको ०८२ माघ १६ गते २० वर्षीय पती अनिल घर्ती र १८ वर्षीय देवर जनक घर्तीले घुम्न जाउँ भनी कुटपिट गर्दै हत्या गरी भिरबाट पल्टाएको भन्दै पीडित पक्षले आरोपितहरु विरुद्ध माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई माघ १७ गिरफ्तार गर्‍यो। आरोपितहरु विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन ४ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ४ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको माघ १८ गते जिल्ला अस्पताल बिजुवारमा पोर्ष्टमाटम गरी परिवारको जिम्मा लगाइयो। अन्य पुरुष सग समन्ध रहेको भनि हत्या गरेको खुल्न आएको प्रहरीको भनाई छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्ति क्षति

**दाङ**

नेकपा एमाले मुस्लिम क्लष्टरतर्फकी समानुपातिक उम्मेदवार घोराही उमनपा-१५ की ४३ वर्षीया साजिदा खातुन सिद्धिकीले प्रयोग गर्ने बा १५ च ८०८० नम्वरको स्कारपीयो गाडीमा ०८२ माघ २९ गते राती पहिचान नखुलेको पक्षले तोडफोड तथा आगजनी गर्‍यो। घर नजिकै पार्किङ गरिराखेको गाडीमा रातको समयमा आगजनी गरिदा झण्डै १० लाख रुपियाँको क्षति भएको पीडितले बताइन। घटनामा संलग्नमाथि कारवाहीको माग गर्दै पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनामा संलग्नहरुको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय दाङका एसपी दिपक श्रेष्ठले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दाङ निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार ३८ वर्षीय कमल सुवेदीको सचिवालयमा ०८२ फागुन ८ गते नेकपा एमाले निकट युवा संघ नेपालका कार्यकर्ताहरुले तोडफोड गरे। रास्वपा कार्यकर्ताले एमालेको झण्डा जलाइदिएको भन्दै ५/६ जनाको समूहमा आएका युवा संघका कार्यकर्ताहरुले तुलसीपुर उपमहानगरापलिका-५ स्थित सचिवालयमा राखिएका चुनावी बोर्ड तोडफोड गरेको र केही प्रचार सामग्री च्याति दिएको उम्मेदवार कमल सुवेदीले बताए। रास्वपाले फागुन ८ गते नै विज्ञप्ती निकालेर तोडफोड घटनाको विरोध गर्दै दोषीमाथि कारबाहीको माग गर्‍यो।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**लुम्बिनी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : भोला महत, **संयोजन/सम्पादन** : टेकनाथ आचार्य, **व्यवस्थापक** : खिमलाल भट्टराई

जानकी गाउँपालिका-३, गुलरीया रोड, बाँके, फोन : ०८१-४१५३४३

इमेल : nepalgunj@insec.org.np, Website : www.inseconline.org